# लोहारपट्टी नगरपालिकाको १३ औं नगर सभा बैठकमा

# बजेट तथा कार्यक्रम तर्जुमा समितिका

# संयोजक एंव उपप्रमुख श्री सरिता शर्मा

# द्वारा प्रस्तुत भएको बजेट वक्तव्य

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## आर्थिक वर्ष २०८३।०८४

## २०८३ अषाढ १० गते

## लोहारपट्टी नगरपालिका

## महोत्तरी

**लोहारपट्टी नगरपालिकाको नगर सभाको तेह्रौ अद्यिवेशनमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा उप-प्रमुख श्री सरिता शर्माले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८३।०८४ को बजेट बक्तव्य :-**

सभा अध्यक्ष ज्यू,

यस लोहारपट्टी नगरपालिकाको १३औँ नगरसभा अद्यिवेशन बैठकमा लोहारपट्टी नगरपालिकाको उप-प्रमुखको हैसियतले नेपालको संविधानको धारा २३० बमोजिम यस गरिमामय सभा समक्ष अगामी आर्थिक वर्ष २०८३।०८४ को राजस्व र व्यय अनुमान सहितको बजेट प्रस्तुत गर्न पाँउदा मलाई अत्यन्त गौरवको अनुभूति भएको छ।

यस घडीमा नेपालको सार्वभौमसता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाभिमान र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि उच्च आदर्श र सम्मानका साथ अधिकार प्राप्ती र सामाजिक न्यायका निमित्त विभिन्न काल खण्डमा भएको जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, जेन्जी आन्दोलन लगायतका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर वीर सहिदहरुप्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै त्यस्ता आन्दोलनहरुमा वीरता प्रदर्शन गरि घाईते तथा बेपत्ता हुनु भएका सम्पूर्ण योद्धाहरुप्रति सम्मान प्रकट गर्दछु।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तिनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ। संघ प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने निर्णय गर्ने नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत सो संविधानले गरेको छ।

स्थानीय सरकार जनताको सब भन्दा नजिकको सरकार हो। जनताका प्रत्यक्ष सरोकारका कार्य र सर्वाङ्गिण विकासका लागि स्थानीय सरकारले संविधानत: विधायिकी, कार्यकारिणी र न्यायीक अधिकारको प्रयोग गर्दै उपलब्ध सिमित श्रोत र साधनको अधिकतम् परिचालन मार्फत प्राथमिकताको आधारमा स्थानीय तह नगरपालिकाबाट हुने सेवा प्रवाह, आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रको विकास कार्यमा प्रयोग गर्दै प्रभावकारी कार्यान्वयन गरी नगरबासी जनताहरुलाई परिवर्तको अनुभुती गराउने उद्देश्य प्राप्तीका लागि यो नगरपालिका क्रियाशील रहेको छ। नगरपालिकालाई प्राप्त हुने सिमित श्रोत साधनको

वाबजुद पनि नगरपालिकाले राष्ट्रिय र प्रादेशिक सरकारको दीर्घकालिन सोच र उद्देश्य हासिल गर्न गरेका प्रतिवद्धतालाई टेवा पुर्याउन साथै नगरपालिकाको सोच र लक्ष्य हासिल गर्न नगरपालिकाले उद्देश्य निर्धारण गरेको छ। ती उद्देश्यहरु प्राप्तीका लागि स्थानीय शासनलाई जवाफदेही, पारदर्शी र नतिजामुखी तुल्याउदै विगतका असल अभ्यासहरुलाई संस्थागत गरी नविनतम् क्रियाकलापहरुमा विशेष जोड दिई नगरबासीको दीर्घकालीन समुन्नतीमा यो बजेट केन्द्रित भएको कुरामा विश्वास दिलाउन चाहन्छु। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यताहरूलाई सम्मान गर्दै लोहारपट्टी नगरपालिकाको दीर्घकालीन सोच **"समृद्ध लोहारपट्टी नगरपालिका, सुखी नगर बासी"** अनुरुपको लक्ष्य हासिल गर्ने तर्फ यो बजेट तथा नीति कार्यक्रम लक्षित रहेको छ।

नेपालको संविधान बमोजिम स्थानीय तहको क्षेत्राधिकार अनुरुप वित्तीय संघीयतालाई प्रभावकारी र दिगो बनाउन आन्तरिक राजश्वको दायरा विस्तार गरी श्रोतको परिचालनमा दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासनको मूलमन्त्रलाई आत्मसात् गर्दै नगरको विकास र नगरबासीको समृद्धीको आकाङ्क्षा सम्बोधन गर्न उपलब्ध श्रोत साधनलाई केन्द्रित गरिएकोछ।

संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न स्थानीय सरकारलाई संविधान बमोजिम प्राप्त अधिकारलाई अवसरको रुपमा प्रयोग गर्दै दिगो विकासका लक्ष्य १६ औं राष्ट्रिय योजनाले परिलक्षित गरेका विषय क्षेत्रका लक्ष्य संघीय र प्रदेश सरकारबाट उपलब्ध गराउँदै आएका अनुदान र योजना तर्जुमाका सम्बन्धमा प्राप्त मार्गदर्शन नगरपालिकाको आवधिक  योजना नगरसभाबाट पेश भएका नीति तथा कार्यक्रम आर्थिक सर्वेक्षणबाट देखिएका नगरपालिकाको वर्तमान अवस्था योजना तर्जुमाका सिलसिलामा टोल बस्ती स्तरबाट आवश्यता र प्राथमिकताको अधारमा माग गरी प्राप्त भएका योजनाहरु सोसँग सम्बन्धित विषयगत समितिहरुमा भएको छलफलबाट प्राप्त सुक्षाव विकास साझेदार नागरिक समाज लगायतका सरोकारवलाहरुबाट प्राप्त राय सल्लाह सुझाव समेतको अधारमा नगरपालिकाको आन्तरिक राजस्व आय, अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत नेपाल सरकार प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र राजश्व बाँडफाँड समेतलाई समावेश गरी नेपालको संविधानले निर्दिष्ट गरेका स्थानीय तहका अधिकार क्षेत्र भित्रका दायित्वयहरु र स्थानीय सरकार संचालन ऐन, २०७४ ले व्यवस्था गरेको स्थानीय तहको काम कर्तब्य र अधिकारहरुको आधारमा प्राथमिकता प्राप्त योजना तथा कार्यक्रमहरुलाई समाबेश गरि अगामी आ.व. २०८३।०८४ को वार्षिक नगर विकास योजना तर्जुमा गरिएकोछ।

नगरवासीलाई सरल सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न लोकतन्त्रका लाभहरू समानुपातिक समावेशी र न्यायोचित वितरण गरि कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन प्रणालीलाई स्थानीय तह देखिनै सुदृढीकरण गर्दै जाने तर्फ मध्यनजर गरी विकास निर्माणका क्रियाकलापहरु तर्जुमा गर्दा समावेश गरिएका छन्। यस सिलसिलामा नगरबासीको इच्छा चाहना र आवश्यकता पूर्ति गर्न चुनौती पूर्ण भए तापनि प्राथमिकताको आधारमा प्राप्त श्रोतलाई दिगो विकास तर्फ लगानी गर्न भरपुर प्रयास गरिएको छ।

**सभा अध्यक्ष ज्यू,**

अव म चालु आ.व. को आर्थिक गतिविधि तथा बजेट कार्यान्वयनको समिक्षा प्रस्तुत गर्न अनुमति चाहन्छु। चालु आर्थिक वर्ष २०८२।०८३ मा कुल रु ६२ करोड ३६ लाख ८० हजार वार्षिक राजश्व तथा अनुदान प्राप्त हुने अनुमान गरीएकोमा जेठ मसान्त सम्म आन्तरिक श्रोत तर्फ रु. ६ करोड राजश्व बाँडफाँड तर्फ रु. ९ करोड ८३ लाख ३० तीस हजार संघीय र प्रदेशिक सरकारबाट प्राप्त हुने अनुदान २६ करोड ६९ लाख ७३ हजार मात्र प्राप्त भएको छ। जसले गर्दा चालु आर्थिक वर्षको प्रक्षेपित आयको तुलनामा जेष्ठ मसान्त सम्मको आय ३१.८१ कम रहेको छ। जेष्ठ मसान्त सम्म राजश्व तर्फ रु. १५ करोड ८३ लाख ३० हजार मात्र र अनुदान प्राप्त तर्फ रु.२६ करोड ६९ लाख ७१ हजार प्राप्त भएको आधारमा चालु आर्थिक वर्षका कुल राजश्व तथा अनुदान प्राप्ती प्रक्षेपणको तुलनामा कम हुने देखिन्छ।

चालु आर्थिक वर्षको कुल विनियोजन मध्य जेष्ठ मसान्त सम्म चालु खर्च तर्फ रु.२१ करोड ४२ लाख अर्थात विनियोजनको ५६.७५ प्रतिशत र पूजीगत खर्च तर्फ ५ करोड ४५ लाख ३६ हजार मात्र अथार्थ विनियोजनका २२.१४ प्रतिशत खर्च भएको छ। राजश्व तर्फ अनुदान प्राप्तीमा हुने कमीका कारण आर्थिक वर्ष अन्त सम्ममा हुने कुल सरकारी खर्च समेतमा कमी हुने अनुमान गर्न सकिन्छ।

चालु आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रमहरु संचालन र कार्यान्वयन भई रहेको छ। पूर्वाधार क्षेत्रका वडा र नगस स्तरीय योजनाहरुको निर्माण कार्य समय भित्रै सम्पन्न गर्ने गरी द्रुत गतिमा कार्य भई रहेको छ। योजनाको निर्माण कार्यको गुणस्तरीयतामा कमी नआउन दिन अनुगमन तथा सुपरिवेक्षक समितिको सक्रियतामा वरावर अनुगमन कार्य भई रहेको छ। नगरको गौरबका योजना तथा क्रमागत रहेको कतिपय योजनाको निर्माण कार्य सम्पन्न भएको व्यहोरा सहितको जानकारी अनुगमन तथा सुपरिवेक्षण समितिका संयोजकको हैसियतले नगर सभाका सदस्य ज्यूहरुलाई अवगत गराउन चाहन्छु।

**सभा अध्यक्ष ज्यू,**

अब म अगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा स्थानीय सरकारको रुपमा नगरपालिकालाई प्राप्त भएका अवसरहरुलाई उच्चतम सुदुप्योग गर्दै नगरपालिकाका सर्वाङ्किण विकास गर्न पूर्वधार क्षेत्रका योजनाहरु नगरबासीको आर्थिक समाजिक क्षेत्रका विकासका नयाँ नयाँ सम्भावनाका क्षेत्र रोजगारीका अवशर सृजना आर्थिक वृद्धीको सम्भावनाको सदुपयोग गर्न उत्पादन उत्पादकत्व र रोजगारी सृजनालाई प्राथमिकतामा राख्दै सरकारी निजि क्षेत्र र सहकारी संस्थाको लगानीलाई प्रोत्साहन गरी व्यवसायको विकास, रोजगारी सृजना र आर्थिक समृद्धीका लागि अनुकुल वातावरण निर्माण गर्न लक्ष्य राखिएको छ। विद्यमान समाजिक तथा आर्थिक असमान्तालाई सम्बोधन गर्दै समावेशी न्याय र समाजिक एकतालाई सुदृढ बनाउन साधन श्रोत, अवसर र लाभमा समाजमा सबै वर्ग समुदायको पहुँच सुनिश्चित गरी उपलब्ध श्रोत साधनको न्यायोचित वितरणको प्राभावकारीक्तालाई ध्यानमा राखी अगामी आर्थिक वर्षको योजना तथा कार्यक्रमका उद्देश्य र प्राथमिकताहरुको तर्जुमा गरिएको छ। बजेटले प्रभावकारीरुपमा उपलब्ध भएका श्रोतको बाँडफाँड गर्न विस्तृत रुपरेखा प्रदान गरी दिगो विकासलाई प्रवर्द्धन गर्न र अस्मानतालाई कम गर्दै आर्थिक समाजिक विकास र समन्यायिक वितरण विच सन्तुलन कायम गर्ने भन्ने कुरामा विश्वास दिलाउँई अगामी वर्षको बजेट तथा कार्यक्रमका उद्देश्य प्रस्तुत गर्न अनुमति चाहन्छु।

क. आर्थिक वृद्धी र विकासका प्रवर्द्धन - अगामी वर्षको बजेट आर्थिक वृद्धीलाई मदत गर्न नयाँ लगानिका क्षेत्रमा आकर्षित गर्न र रोजगारीका नयाँ-नयाँ अवसरहरु सृजना गर्ने क्षेत्रमा केन्द्रित हुनेछ। यसले दिगो र लचिलो स्थानीय अर्थतन्त्रलाई बढावा दिनुको साथै विकासमा परिवर्तन र रोजगारी सृजनाको सम्भावना भएका क्षेत्रहरुलाई प्राथमिकता दिने छ।

ख. कृषि क्षेत्रमा अन्य उत्पादनमा वृद्धी :- कृषि योग्य जमिनमा भइरहेको पुरानो खेति प्रणालीलाई आधुनिकरण गरी उत्पादन र उत्पादकत्व बढाउन व्यापक रुपमा वृद्धीका अवसर सृजनामा केन्द्रित रहनेछ।

ग. दिगो पूर्वाधार विकास :- यो बजेटले नगर क्षेत्रभित्रको आवागमन सुविधालाई सुदृढ गर्ने र सडक सञ्जालमा सुधार भई विकासोन्मुख तर्फ अग्रासित ग्रामिण विकासलाई प्रवर्द्धन गर्दै पूर्वाधार क्षेत्र सडक पूल खानेपानी विद्युत सिंचाई र पर्यटन लगायतका आवश्यक पूर्वाधारका योजनाहरु निर्माण र स्तरोन्नती गर्न उद्देश्य रहेको छ।

घ. समाजिक कल्याण र समावेशियताको अभिवृद्धि :- यो बजेटले विकासबाट बन्चितमा परेका समुहहरुलाई सहयोग गर्न समाजिक समावेशी प्रवर्द्धन गर्ने र असामन्तालाई सम्बोधन गर्न श्रोतहरुका समन्यायीक वितरण रुपमा विनियोजन गर्ने छ। नगर बासी जनताहरुको समाजिक आर्थिक पृष्टभूमीमा विद्यमान विविधताको वावुजुद उनीहरुको कल्याण र सशक्तिकरणमा सुनिश्चित गर्न बजेट समाजिक सुरक्षा कार्यक्रम, स्वास्थ्य सेवा र शिक्षाको अवसरहरुलाई सुदृढ पार्ने लक्ष्य रहेको छ।

ङ. गुणस्तरीय सेवा प्रवाहमा अभिवृद्धी :- नागरिकहरुलाई स्वास्थ्य शिक्षा र पूर्वाधार र आर्थिक समाजिक क्षेत्र र कल्याणका कार्यक्रम लगायत स्थानीय सरकारले उपलब्ध गराउन पर्ने अत्यावश्क सेवाहरुमा नागरिकको पहुँच सुनिश्चित गर्दै सार्वजनिक सेवाहरुको सुधार र विस्तार गर्न लक्ष्य रहेको छ।

च. सुशासन र जवावदेहिताको सुदृढीकरण :- यो बजेटले व्यवस्थापन पक्षमा पारदर्शिता जवावदेहिता र सुशासनको अभ्यासलाई प्रवर्द्धन गर्दै सार्वजनिक खरिद प्रकृयामा सुधार गर्न श्रोतको प्रभावकारी र समुचित उपयोग सुनिश्चित गर्ने आन्तरिक नियन्त्रण सयन्त्रणलाई सुदृढ गर्ने लक्ष्य रहेको छ।

यी उल्लेखित उद्देश्यहरुले नगरको दिगो विकास र समावेशी समुन्नतीको प्रवर्द्धनको माध्यमबाट नगरबासीको आवश्यकता इच्छा र आकंक्षालाई सम्बोधन गर्ने प्रतिव्द्धताका साथ वार्षिक बजेटको रणनीतिक निर्देशन र श्रोतको विनियोजनलाई मार्ग दर्शन गर्ने छ भन्ने विश्वास लिएको छु।

**सभा अध्यक्ष ज्यू,**

उल्लेखित उद्देश्य प्राप्तिका लागि निर्धारण गरिएका बजेटको प्राथमिकता क्षेत्रहरु बुँदागत रुपमा प्रस्तृत गर्न चाहन्छु।

क. **कृषि विकास :-** कृषि योग्य जमिन भएका खेतमा कृषिबाली नालीको उत्पादन बढाउन कृषिको आधुनिकरण, सिचाई, पूर्वाधार, लागत साझेदारीमा विउँ वितरण, पशुजन्य रोगको नियन्त्रण प्रवर्द्धन।

ख. **पुर्वाधार विकास :-** सडक पुल खानेपानी सिचाई, विधुत, पर्यटन, शहरी पुर्वाधार विकास र गाँउ वस्ती विकास क्षेत्रका प्राथमिकताको योजना ।

ग. **आर्थिक समृद्धि र रोजगारी सृजनाः**– आर्थिक र प्रविधि सयोग र प्रोत्साहन ब्यवसायलाई सहयोग उधमशिलता र नवप्रवर्धन

घ. **स्वास्थ्य सेवा र जनस्वास्थ्यः**– गुणस्तरी स्वास्थ्य सेवामा सबैको पहुँच सुधार र रोगहरुको रोकथाम र नियन्त्रण ।

ङ. **समाजिक कल्याण र समावेशीकरणः**– महिला वालवालिका जेष्ठ नागरिक,अपाङ्ग भएका ब्यक्ति दलित वर्ग लगायत लक्षित वर्गको समाजिक कल्याण र जिवनोपयोगी शिपको माध्यमबाट आर्थिक समुन्नती कार्यक्रम ।

च. **क्षमता विकास र सुशासनः**– संस्थागत क्षमता अधिबृद्धि जवाफदेहीता प्रवर्द्धन सुदृढ, वित्तिय ब्यवस्थापन,पारदर्शिता,अनुगमन मूल्याँकन र सुशासनका अभ्यास ।

छ. **शिक्षा र सीप विकासः**– शैक्षिक पूर्वाधार विकास गुणस्तरीय शिक्षा,शिक्षामा सबैको पहुँचमा अभिबृद्धि र सीप विकास ।

ज. **प्रविधि र डिजिटल क्षेत्रमा प्रवेशः**– स्थानीय सरकारको प्रविधि मैत्री,विधुतीय सुशासन तथा प्रविधिमा अधारित कार्य सम्पादन र सेवा प्रवाह

झ. **मानव विकास र समाजिक न्याय :**– नगरवासीलाई शिक्षा,स्वास्थ्य र पोषणमा गुणस्तरीय सुधार गर्दै पछाडी परेका र पारिएका लक्षित र विपन्न वर्गलाई समाजिक न्याय सहितको प्रतिफल सुनिश्चित गर्न

**सभा अध्यक्ष महोदय,**

अव म अगामी आर्थिक वर्ष २०८३।०८४ को लागी प्रस्ताव तयार गरिएको नीति तथा कर्याक्रम कार्यन्वयन गर्न आवश्यक श्रोत र वजेट परिचालनको लागी नगरपालिकाको आन्तरिक श्रोत, नेपाल सरकार र प्रदेश सरकारवाट प्राप्त हुने बजेट सम्बन्धी आय ब्यय विवरण सभा समक्ष पेश गर्न अनुमाति चाहन्छु ।

अगामी आर्थिक वर्ष २०८३।०८४ को लागी कुल प्रस्तावित अनुमानित वजेट रु.५६ करोड ५ लाख ६१ हजार प्रस्ताव गरेको छु । जसमध्ये चालु तर्फ रु.३७ करोड ८३ लाख

६१ हजार मात्र अर्थात ६७.५० प्रतिशत तथा पुजिँगत तर्फ रु.१८ करोड २२ लाख  मात्र अर्थात ३२.५० प्रतिशत आय ब्यय खर्च हुने अनुमान पेश गरेको छु ।

अगामी आर्थिक वर्षको लागि अनुमान गरीएको खर्च व्यहोर्ने श्रोचत मध्ये आन्तरिक राजश्व असुलबाट रु. १ करोड ५० लाख राजश्व बाँडफाँडबाट रु. ११ करोड ३३ लाख ६५ हजार   वीत्तिय हस्तान्तरण मार्फत संघीय सरकारबाट रु. ३७ करोड २५ लाख र प्रदेश सरकारबाट रु. १ करोड १६ लाख ९६ हजार चालु आ.व. मा खर्च नभई संचित कोक्षमा जम्मा हुन आउने अनुमानित मदज्दात रकम रु. ४ करोड ५ लाख मात्र प्रापेत हुने अनुमान गरिएको छ। उल्लेखित अनुमान गरिएको कुल वजेटको आन्तरिक हिसा २.६८ प्रतिशत रहेको छ ।

उल्लेखित अगामी आर्थिक वर्षको लागि प्रस्ताव गरिएको कार्यक्रमहरुको क्रियाकलापगत बजेट विनियोजन र खर्च व्यहोर्ने श्रोतको अनुमान सहितको विस्तृत विवरण अनुसूचीमा यसै साथ संलग्न छ।

आर्थिक वर्ष २०८३।०८४ को बजेट अन्तरिक श्रोत राजश्व तर्फका करका दरहरु बढाउन भन्दा निर्धारण गरिएको दर मै कर उठाउन र करदातालाई करको दायरामा ल्याउन अभिप्रेरित गर्न आवश्यक व्यवस्था गर्न गरी यथावत राखिएको छ।

प्रचलित कानून प्रदत आधिकारलाई प्रयोग गर्दै नगरपालिकाले आफ्नो क्षेत्र भित्र संकलन गर्ने कर दस्तुर र सेवा शुल्कको दर रेट, छुट दिने तथा नीति सम्वन्धी प्रस्ताव समावेश गरी आर्थिक वर्ष २०८३।०८४ का लागि लोहारपट्टी नगरपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको आर्थिक विधेयक, २०८३ सभामा पेश गर्दछु।

नगरपालिकाको श्रोत साधनलाई बढी भन्दा बढी प्रयोग गर्दै नगरवासीलाई सरल र सुलभ ढंगबाट गुणस्तरीय सेवा प्रदान गर्न समृद्धी तर्फ उन्मुख गराउने र नगरको विकासको आधार शिला खडा गर्ने अभिप्रायका साथ सञ्चालन हुन योजना तथा कार्यक्रमको क्रियाकलापमा रकम विनियोजन गरी निर्धारित क्रियाकलापका लागि

आवश्यक पर्ने रकम स्थानीय संचित कोषबाट खर्च गर्ने प्रस्तावको रुपमा लोहारपट्टी नगरपालिकाको विनियोजित विद्येयक २०८३ यसै सभामा पेश गर्दछु।

नेपाल सरकारबाट २०८३ श्रावण देखि लागु हुने गरि कर्मचारीहरुको तलब भत्ता सुविधा वृद्धी भए अनुसार लोहारपट्टी नगरपालिका अन्तर्गतका कार्यालयमा कार्यरत रहेका स्थानीय सेवाका स्थायी कर्मचारीहरुलाई सोही अनुसारको वृद्धी गर्न पेश गरेको छु। साथै सेवा करारमा कार्यरत करार तर्फका कर्मचारीहरुलाई खाई पाई आएको शुरु तलब स्केलमा १०% प्रतिशतले वृद्धी गरी तलव उपलब्ध गराउन पेश गरेको छु।

बजेट तथा कार्यक्रम तर्जुमा गर्न आफैमा महत्वपुर्ण कार्य हो । त्यो भन्दा वढी महत्वपुर्ण कार्य प्रभावकारी रुपमा कार्यन्वयन गर्ने हो । तर्जुमा गरिएको वार्षिक वजेट तथा कार्यक्रम विधिवत रुपमा कार्यन्वयन भए मात्र यसले उदेश्य हासिल गर्नेमा सार्थकता प्राप्त गर्न सक्छ ।त्यसैले स्वीकृत वार्षिक वजेट तथा कार्यक्रमको सफल कार्यन्वयनका लागि सम्बन्धित सवै सरोकारवाला संग सहयोगको पुर्ण अपेक्षा गरेको छु ।

यो वजेट तयार पार्ने क्रममा मार्ग निर्देशन गर्नुहुने आदरणीय प्रमुख ज्यू,वजेट योजना तर्जुमाको विभिन्नचरणमा आफनो अमुल्य राय सझाव दिनु हुने वडा अध्यक्ष, कार्यपालिका सदस्य,वडा सदस्य,प्रमख प्रशासकीय अधिकृत लगायत विषयगत शाखाका कर्मचारीहरुलाई धन्यवाद ब्यक्त गर्दछु ।

त्यसै गरी वजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने स्थानीय राजनैतिककर्मी, विभिन्न निकाय, संघ संस्थाका प्रतिनिधिहरु, शिक्षा प्रेमी बुद्धिजिवी, नागरिक समाज लगायत उधोगी ब्यवसायीहरुमा अभार ब्यक्त गर्न चाहन्छु । त्यस्तै आम नगरवासी, निजी क्षेत्र,विकास साझेदार सवैलाई धन्यवाद दिन चाहन्छु । यस अवसरमा नगरको विकास कार्यमा सकृय सहयोग गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद भन्न चाहन्छु ।त्यस्तै बजेट तथा कार्यक्रम तर्जुमाको विभिन्न चरण देखी अन्तिम तयारी गर्न अहोरात्र खटी सक्रियरुपमा कार्य गर्नु भएका कार्यालयका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा प्रस्तुत भएको वजेट तथा कार्यक्रम नगर सभामा छलफलभई पारित भए पश्चात कार्यन्वयन गर्ने कार्यमा सम्बन्धित सबैको सकारत्मक सहयोग र सकृय सहभागिताको अपेक्षा र विश्वास राख्दै बजेट बक्तब्य यही अन्तय गर्दछु ।

**धन्यवाद ।**